दर्ता नं. : ४२४(२६८)०६३/०६४ पान : ३०४५००७३८

"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोबार"

# कोलिय देवदह
## बचत तथा ऋण सहकारी संस्था लि.
## KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.
देवदह, रुपन्देही

ACCESS BRONZE

SUCCEED

# सहकारी सन्देश
## Co-operative Message
## त्रैमासिक बुलेटिन

कोलिय देवदह पूर्णाङ्क : १४ वर्ष ६ अंक २ २०८० कार्तिक देखि पुस १




कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. देवदह, रुपन्देहीको १९औं स्थापना दिवसको अवसरमा देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गद्वारा पानसमा दीप प्रज्जवलन गरी मूल समारोह समुद्घाटन गर्दै ।

### यस भित्र


| क्र.स | विषय बस्तु | पेज नम्बर |
|---|---|---|
| १. | सफलताको कथा / उद्यमी अनुभव | - २ |
| २. | कोलिय देवदह साकोसको परिचय | - ३ |
| ३. | सेवा केन्द्र स्तरीय गतिविधि | - ४, ६, ७ |
| ४. | सहकारीमा दोस्रो तहको नियामक निकायको आवश्यकता र औचित्य (लेख) | - ५ |
| ५. | सहकारी गतिविधि | - ७, ८ |


### कारोबार समय

१) माघ १६ गते देखि कार्तिक १५ गते सम्म
विहान ९:३० बजे देखि ४:४५ बजे सम्म

२) कार्तिक १६ गते देखि माघ १५ गते सम्म
विहान ९:३० बजे देखि ३:४५ बजे सम्म

३) हरेक शुक्रबार कारोबार समय १ घण्टा अगाडि बन्द हुने छ ।

४) शनिबार तथा सार्वजनिक विदाका दिन (दशैं ३ दिन र तिहार २ दिन बाहेक) विहान १० बजे देखि १२ बजे सम्म संस्थाको खैरेनी सेवा केन्द्रमा कारोवार सञ्चालन हुने छ ।

# सफलताको कथा / उद्यमी अनुभव

## आधारभूत जानकारी पछि मात्र व्यवसाय सञ्चालन गर्दा राम्रो



ईन्दिरा ढकाल
सुनवल-७, ज्यामिरे

व्यवसाय सुरु गर्न जति सजिलो छ तर त्यसलाई निरन्तरता दिन भने प्राय सबै लाई कठिन हुन्छ । नवलपरासीको सुनवल नगरपालिका वडा नं. ७, ज्यामिरेमा रहेको ज्यामिरे एकिकृत पशु तथा कृषि विकास फार्मको अवस्था पनि यस्तैबाट अगाडि बढेको छ । २०७८ साल मंसिर महिनामा करिब ४ लाखको लगानीमा सुरु भएको बाखा पालन व्यवसाय सुरुवाती समयमानै समस्या भेल्न बाध्य हुनु परो । बाखा पालनको सुरुवाती समयमानै बिभिन्न स्थानबाट खरिद गरेर ल्याएका बाखाहरुको मृत्यु भयो । त्यो समयमा करिव २० वटा माउ र सबै जन्मेका पाठापाठीको मृत्यु भएको फार्म सञ्चालक ईन्दिरा ढकाल बताउनु हुन्छ । बाखा पालनको बारेमा राम्रो जानकारी नहुदा बाखाको लागि बनाईएको खोर समेत धेरै दिन टिक्न नसकेको उहाँ बताउनु हुन्छ । सुरुमा अनुभव नभएर नोक्सान व्यहोर्नु परे पनि व्यवसायलाई भने निरन्तरता दिएको ईन्दिराका श्रीमान दिपक ढकाल बताउनु हुन्छ । सुरुमा सामान्य जानकारी नहुदा धेरै बाखा र पाठापाडीको मृत्यु भएर नोक्सानी ब्यहोर्नु परे पनि सिक्दै



अगाडि बढिरहेको उहाँको भनाई रहेको छ । हाल एक जना मानिस नियमित ज्यालादारीमा काम गरिरहनु भएको छ भने घरका ३ जना सदस्य समेत बाखा पालनमा लागिरहनु भएको छ । बाखा पालन गर्दा समय कटाउन सहज भएको तथा स्वास्थ्यको अवस्था राम्रो बनेको ढकालको अनुभव रहेको छ । व्यवसाय गर्दा आर्थिक पक्षसँगै कसरतको काम समेत हुने उहाँ बताउनु हुन्छ ।

हाल ज्यामिरे एकिकृत पशु तथा कृषि फार्ममा सानाठुला गरेर ५६ वठा बाखा रहेका छन् । सुरुवाती समयमा जानकारी नहुदा सुरुमानै माउ बाखा र पाठापाठीको मृत्यु भएको कारण हाल सम्म उल्लेखनीय आम्दानी भने हुन नसकेको ढकालको भनाई रहेको छ । अब केही समय देखि खसी बोका बिक्री गर्न सुरु गरिने उहाँको भनाई रहेको छ । अवको करिव २ बर्ष पछि मात्र बाखाबाट नाफा आउन सक्ने ढकालले बताउनु भयो ।

बाखा पालन व्यवसाय गर्दा खोरको सरसफाई र परजीवी नियन्त्रणमा विशेष ध्यान दिनु पर्ने ढकालको अनुभव रहेको छ । सुरुमा खोरको सरसफाई राम्रो हुन



नसक्दा र आन्तरिक परजीवीको समस्याले बाखाको मृत्यु भएको हुन सक्ने उहाँ बताउनु हुन्छ ।

हाल भने बाखा राम्रो अवस्था रहेका छन् भने बीउको बोकाबाट समेत आम्दानी हुने गरेको छ । हाल आफ्नो मिहेनतबाहेक ३० हजार रुपैया खर्च हुने गरेको ढकाल बताउनु हुन्छ । सुरुमानै नोक्सानी व्हहोर्दा समग्रमा नाफा ढिलो हुने भए पनि अब केही समय पछि भने तत्कालको लागि सञ्चालन खर्च भने धान्न सक्ने अवस्था रहेको फर्म सञ्चालक ढकाल बताउनु हुन्छ ।

बाखा पालन व्यवसाय सुरु गर्दा आफ्नै लगानीबाट सुरु गरे पनि हाल भने कोलिय देवदह सहकारीबाट समेत ऋण लिएर व्यवसायलाई निरन्तरता दिदै अगाडि बढाएको उहाको भनाई रहेको छ । जागिर छोडेर बाखा पालन व्यवसायमा हात हाल्दा अनुभव नभएर नोक्सानी व्हहोनु परेकाले आवश्यक सहयोग सहकारीले



गर्नु पर्ने सञ्चालक ढकाल बताउनु हुन्छ । व्यवसाय राम्रो बनाउन सहकारीले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने हो भने उत्पादन बृद्धि गर्न सकिने उहाँको भनाई रहेको छ ।

व्यवसाय सुरु गर्दा आधारभुत जानकारी हुनु पर्ने र नियमितता दिनु पर्ने हुन्छ । यस कार्यमा सुरुमा जे जस्तो भए पनि हाल भने निरन्तर जानकारी लिने, जानकारी लिएको कुरालाई व्यवाहारमा उतार्ने र व्यवसायलाई नियमितता दिने कार्य भईरहेको छ । व्यवसाय सुरु गरे पछि नियमितता दिन सकिएन भने धेरै नोक्सानी व्यहोर्नु पर्न सक्छ । यसै कुरालाई ध्यान दिदैं बाखा पालन व्यवसायलाई नियमिताता दिएको ढकाल बताउनु हुन्छ ।

## १९औं स्थापना दिवस सम्पन्न




संस्थाको १९औं स्थापना दिवस २०८० मंसीर १२ गते देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङको प्रमुख आथित्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा संस्थाले उत्कृष्ट बचत कर्ता, बाल बचत कर्ता, असल ऋणी, उत्कृष्ट सेवाकेन्द्र, उत्कृष्ट दिदी बहीनी क्लब, उत्कृष्ट किशोरी बचत कर्ता, उत्कृष्ट व्यवसायी, उत्कृष्ट कर्मचारी, पुर्व संचालक, एस इ इ तथा १२ कक्षा मा उत्कृष्ट ग्रेड प्राप्त गरेका तथा एस इ इ मा सवोत्कृष्ट अंक प्राप्त गरेका सदस्यका छोराछोरीलाई सम्मान गरेको थियो । सोही अवसरमा रक्तदान गर्ने रक्तदाताहरुलाई समेत प्रमाण पत्र वितरण गरिएको थियो ।

## राहत वितरण तथा शोक सभा

कोलिय देवदह साकोसले सदस्यसँग जन्म देखि मृत्यु सम्म विभिन्न कार्यक्रम मार्फत सहभागिता जनाउदै आएको छ । जस मध्ये शेयर सदस्यको मृत्यु हुँदा श्रद्धाञ्जली कार्यक्रम गर्ने र शेयर सदस्यका आफन्तको निधनमा शोक सभा गर्ने कार्य गरिरहेको छ । शेयर सदस्यको मृत्युमा रु.२५ हजार राहत रकम समेत प्रदान गर्दै आइरहेको छ ।

यस अवधिमा ६ जना शेयर सदस्यको मृत्यु भएको थियो । दिवंगत हुनु भएका ६ जना शेयर सदस्यका आफन्तहरुलाई राहत रकम वितरण गरिएको छ भने १३ जना शेयर सदस्यहरुको आफन्तजनको मृत्युमा शोक सभा सम्पन्न गरिएको छ । त्यस्तै संस्थाले दिर्घ रोग पिडीत ४ जना सदस्यलाई रु.१५ हजारका दरले अनुदान सहयोग गरेको छ ।

# कोलिय देवदह साकोसको परिचय

**१. परिचय**

सहकारीका सात सिद्धान्तहरुलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दै सदस्यहरुको आर्थिक सामाजीक एंव सास्कृतिक आवश्यकता पुरा गर्ने उद्देश्यका साथ २०५९ मा देवदह बचत तथा लगानी कोषको रुपमा स्थापित भई २०६२ मसिर १२ गते डिभिजन सहकारी कार्यालय रुपन्देहीमा ४६ जना व्यक्तिहरुबाट दर्ता देवदह बचत तथा ऋण सहकारी संस्था लि र मिति २०६१ असोज १ गते देखि प्रगति कल्याणकारी कोषको रुपमा स्थापित भई २०६३ आश्विन ३ गते डिभिजन सहकारी कार्यालय रुपन्देहीमा ४८ जना व्यक्तिहरुबाट दर्ता कोलिय बचत तथा ऋण सहकारी संस्था लि. मिति २०७५ माघ ०५ गते एकीकरण गरी कोलिय देवदह बचत तथा ऋण सहकारी सस्था लि. नामाकंन गरी विधिवत मान्यता प्राप्त गरेका छौ । त्यसैगरी देवदह नगरपालिका वार्ड न. ९ मा रहेको मिति २०६७ चैत्र ३० गते तारापुन्ज बचत तथा ऋण सहकारी संस्था लि. को नामबाट डिभिजन सहकारी कार्यालय रुपन्देहीमा ३० जना संस्थापक सदस्यहरूको उपस्थितिमा दर्ता भएको संस्था २०७६ आश्विन ११ गते एकीकरण गरी उक्त स्थानमा कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. को तारापुन्ज सेवाकेन्द्रको रुपमा सञ्चालन गर्दै आएका छौ, मिति २०६२ फाल्गुन २६ गते स्थापना भएको मायादेवी महिला विकास साकोससंग मिति २०७७ पुस १४ गते एकीकरण घोषणा सभा सम्पन्न गरी २०७७ माघ २ गते देखी एकीकृत कारोबार गर्दै आएका छौ । त्यस्तै मिति २०६८ पुस २८ गते स्थापना भएको धरमदेवी साकोससंग मिति २०७८ माघ १४ गते एकीकरण घोषणा सभा सम्पन्न गरि २०७८ फागुन १ गते देखी एकीकृत कारोबार गर्दै आएका छौ । त्यस्तै मिति २०६४ जेष्ठ १४ गते स्थापना भएको देउराली साकोससंग मिति २०७९ वैशाख १० गते एकीकरण घोषणा सभा सम्पन्न गरि २०७९ जेष्ठ १ गते देखी एकीकृत कारोबार गर्दै आएका छौ । त्यस्तै मिति २०७८ आश्विन १ गते स्थापना भएको युवासंगम साकोससंग मिति २०८० जेष्ठ १० गते एकीकरण घोषणा सभा सम्पन्न गरि २०८० असार २ गते देखी एकीकृत कारोबार गर्दै आएका छौ ।

**२.कार्यक्षेत्र:** रुपन्देही जिल्ला तथा नवलपरासी जिल्लाको सुनवल र रामग्राम नगरपालिका ।

**३. परिकल्पना (VISION)** : "उत्कृष्ट, प्रविधियुक्त, व्यवसायिक तथा दिगो वित्तीय सहकारी संस्था"

**४. ध्येय (MISSION)**: "सदस्यहरुको समृद्ध जीवनस्तरका लागि सहकारी मूल्य, मान्यता र सिद्धान्तमा आधारित सम्पूर्ण वित्तीय सेवा प्रदान गर्ने सहकारी संस्था"

**५ कार्यालय तथा जनशक्ति व्यवस्थापन** :

संस्थामा ४६ जना कर्मचारीहरु कार्यरत छन । संस्थाको मुख्य कार्यालय देवदह नगरपालिका वार्ड न. ७ कोलियमार्गमा रहेको छ भने देवदह न.पा.-७ शीतलनगर, देवदह न.पा.-१ ढेकावर, देवदह न.पा.-९ घोडाहा, देवदह न.पा.-१२ शंकरपुर, देवदह न.पा.-९ भलुही, सुनवल न.पा.-८ रामपुर चौराह, त्तिलोतमा न.पा. ८ प्रदिपनगर र सियारी गा.पा.-१ हाटी अमुवामा सेवाकेन्द्र सञ्चालन गरेको छ भने देवदह न.पा.-१० चरङ्गे, रामग्राम न.पा.-१८ धरमपुर, सुनवल न.पा.-७ गौरीघाट, देवदह न.पा.-४ भवानीपुर, देवदह न.पा.- ६ सरनटाँडी र देवदह न.पा.-३ सुर्यपुरामा बचत संकलन केन्द्र सञ्चालन मा रहेका छन् ।

**६. बचत** : सदस्यहरुलाई बचत गर्ने बानीको विकास गरि भविष्यमा उक्त बचतको परिचालन गरि समृद्ध सदस्य बनाउने उदेश्यले सदस्यहरुको आवश्यकता र चाहाना अनुरुपका नियमीत बचत, धन श्रृजना गर्ने बचत, ऐच्छिक बचत, आकस्मीक बचत तथा आवधिक बचतका उत्पादनहरु सञ्चालनमा ल्याएका छौ ।

**१) नियमित बचत :**

**२) धन सृजना गर्ने बचत**

| | | |
|---|---|---|
| १) पालुवा बचत | २) शेयर बृद्धि बचत | ३) चाडपर्व बचत |
| ४) घर गहना बचत | ५) हायर पर्चेज बचत | ६) रेमिट्यान्स बचत |
| ७) किशोरी बचत | | |

**३) ऐच्छिक (कारोबार) बचत**

| | | |
|---|---|---|
| १) विशेष बचत | २) जेष्ठ सम्मान बचत | ३) खुत्रुके बाल बचत |
| ४) बोनस बचत खाता | ५) कृषक बचत | ६) कर्मचारी बचत |
| ७) दैनिक बचत | ८) महिला उद्यम बचत | ९) व्यापारिक बचत |
| १०) सरल बचत | ११) ऋण सुरक्षण बचत | |

**४) आकस्मिक बचत**

**५) आवधिक बचत**

**७. ऋण :**

सदस्यहरुको व्यवसाय वृद्धि तथा आय आर्जनका लागि छिटो छरितो तथा सुविधाजनक तरिकाबाट ऋण प्रवाहका लागि तपशिल अनुसारका ऋण सेवाहरुको विकास गरिएको छ ।

**ऋणका उत्पादन**

| | | |
|---|---|---|
| १) कृषि ऋण | २) व्यापारिक ऋण | ३) सेवा व्यवसाय ऋण |
| ४) औद्योगिक ऋण | ५) लघु उद्यम ऋण | ६) आवास ऋण |
| ७) शैक्षिक ऋण | ८) हायर पर्चेज ऋण | ९) घर खाँचो ऋण |
| १०) उद्यमी ऋण | ११) दैनिक व्यापार ऋण | १२) घर मर्मत ऋण |
| १३) बैदेशिक रोजगार ऋण | १४) कर्मचारी सहुलियत ऋण | |
| १५) आवधिक बचत धितो सुरक्षण ऋण | | १६) आकस्मीक ऋण |

**८. संस्थाको बित्तीय अवस्था (२०८० असोज मसान्त सम्म)**

- शेयर सदस्य संख्या : १६,९२७ जना
- बाल बचतकर्ता : २,१३७ जना
- संस्थागत पूँजी : रु.११,१०,४१,९७३।१३
- शेयर पूँजी : रु.१३,१०,२८,१००।-
- बचत/निक्षेप : रु.१,४५,३२,०६,०९७।३२
- ऋण लगानी : रु.१,३७,०५,२१,५८७।८७
- कुल सम्पती : रु.१,७९,४०,६८,१७१।९१

**९. विप्रेषण सेवा (रेमिट्यान्स सेवा)**

बैदेशिक रोजगारमा रहनुभएका सदस्यका परिवारले पठाएको रकम सजिलैसंग उपलब्ध गराउन तथा स्वेदशमै रकम पठाउन तथा प्राप्त गर्न विभिन्न रेमिट्यान्स कम्पनीहरुसंग सम्झौता गरी विप्रेषण सेवा प्रभावकारी रुपमा सञ्चालन गरेका छौ ।

**१०. कार्यक्रमहरु :**

- सदस्यहरुको ४ लाखको दुर्घटना मृत्यु विमा ।
- सदस्यको मृत्युमा २५ हजार राहत वितरण ।
- सदस्यको जटील रोग जस्तै क्यान्सर, मुटुको अपरेशन तथा किडनी फेल भएका सदस्यहरुलाई रु. १५ हजार सम्म राहत वितरण ।
- जेष्ठ सदस्यहरुलाई नगद सहित सम्मान ।
- जेष्ठ सदस्य जन्मोत्सव ।
- मासिक रुपमा उत्कृष्ट सदस्य तथा रेमिट्यान्स विजेतालाई सम्मान ।
- विभिन्न शीर्षकहरुमा पुरस्कार एवं सम्मान ।
- दिदी बहिनी क्लबहरुका बीचमा सहकारी तीज गीत प्रतियोगिता ।
- स्वास्थ्य शिविर ।
- सदस्यहरुको लागि आधारभुत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम
- सदस्यहरुका लागि व्यवसायिक तालिम ।
- नव शिशु/नव बुहारी स्वागत् तथा बधाई कार्यक्रम ।
- सदस्यहरुको स्वास्थ्य विमा कार्यक्रम
- विभिन्न अस्पतालहरुमा उपचारमा छुटको व्यवस्था ।

**मुख्य कार्यालय**

**देवदह न.पा. ७, रुपन्देही**

फोन नं. ०७१-५७७५९८, ५७७१०३, ५७७३२८

**सेवा केन्द्रहरु :**

- देवदह ०७, खैरेनी : ०७१-५७७५९६ र ५७७१२८
- देवदह ०७, शीतलनगर : ०७१-५७७१४७ र ५७७५०८
- देवदह ०१, छ नम्बर : ९८५७०७५९०४
- देवदह ०९, घोडाहा : ९८५७०७५९०७
- देवदह १२, शंकरपुर : ०७१-४२१५३०
- देवदह ०९, भलुही : ०७१-४०३०७६
- सुनवल ०८, रामपुर : ९८५७०७१०५९
- तिलोत्तमा ०८, प्रदीपनगर : ०७१-४१६१०७
- सियारी १, हाटीअमुवा : ०७१-५९०५३१

**बचत संकलन केन्द्र**

- देवदह १०, चरङ्गे
- रामग्राम-१८, धरमपुर
- देवदह ०४, भवानीपुर
- सुनवल-०७, गौरीघाट
- देवदह ०३, सुर्यपुरा
- देवदह-०६, सरनटाँडी

E-mail: koliyadevdahasaccos@gmail.com

Url: https://www.koliyadevdahasaccos.org.np

सहकारी सन्देश बुलेटिनको लागि
संयोजक : विनोद पराँजुली
सदस्य : बुद्धिसागर अर्याल
सदस्य : खिमकली न्यौपाने
सम्पादक : तिलोचन दहाल, देवदह साप्ताहिक
कम्प्युटर डिजाइन : इन्द्र बहादुर थापा

# सम्पादकीय

## आ-आफ्नो जिम्मेवारी पुरा गर्ने हो भने सहकारी अभियान सफल बन्न सक्छ

सहकारी आर्थिक विकासका तीन स्तम्भ मध्ये एउटा बलियो स्तम्भ हो । सहकारीले ग्रामिण अर्थतन्त्रलाई बलियो बनाउन सक्छ । सहकारीले ग्रामिण नागरिकलाई वित्तीय साक्षरता प्रदान गर्न सक्छ । केही समय यता सहकारी नाममा संस्था दर्ता हुने तर काम नगर्ने र नियमनकारी निकायले राम्रोसँग नियमन नगर्दा समस्या देखा परेको छ। आम नागरिकहरु सहकारीको शेयर सदस्य बन्न के के प्रकृया पुरा गर्नु पर्ने, सहकारीको शेयर सदस्य बनेपछि काम कर्तव्य र अधिकार के के हुने भन्ने बारेमा जानकारी नहुँदा ब्याज बढि पाईने लोभले बैङ्कमा जस्तै बचत गरेको अवस्था छ । सहकारीलाई संविधानले अर्थतन्त्रको तीन पिलरमा एउटा माने पनि सरकारले भने अझै पनि स्वीकार गरेको अवस्था छैन ।

अब सहकारी अभियानले ग्रामिण अर्थतन्त्र बलियो बनाउन शेयर सदस्यहरुलाई स्वरोजगार बनाउन लाग्नु पर्ने अवस्था छ भने नियमनकारी निकायले निरन्तर नियमन गर्न आवश्यक छ । अहिलेकै अवस्थामा सहकारी संस्थाहरु सञ्चालन हुँदै जाने हो भने सहकारीको सुशासन र स्वनियमनको पक्ष हरायर जाने छ । जस्ले गर्दा सहकारी अभियान माथीनै प्रश्न चिन्ह खडा हुने छ । अभियानको नेतृत्व गर्ने विषयगत संघ र सिंगो सहकारी महासंघले समेत अब सहकारीहरुको सुशासनलाई बढिमहत्व दिनु पर्ने छ । नियमन समयमा सही तरिकाले नगर्दा हुने क्षतिको सम्पूर्ण जिम्मेवारी नियमनकारी निकाय सरकारले पनि लिनु पर्ने हुन्छ । सबैले आ-आफ्नो जिम्मेवारी पुरा गर्ने हो भने सहकारी अभियान सफल बन्न सक्छ । एकले अर्कोलाई दोष लगाएर उम्कन खोज्ने हो भने सहकारीको पूर्ण विकास हुन सक्दैन । जस्को कारण उत्पादन कम हुन्छ र देश परनिर्भर हुने हुन्छ ।

# खैरेनी सेवा केन्द्र गतिविधि

## ऋण शिक्षा तालिम सम्पन्न



खैरेनी सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा मुख्य कार्यालयको सभाहलमा १ दिने ऋण शिक्षा तालिम संचालन भएको छ । जसमा ४० जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

## आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

संस्थाको खैरेनी सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा मुख्य कार्यालयको सभाहलमा आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ । जसमा ३९ जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

## सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न

संस्थाको खैरेनी सेवाकेन्द्र अन्तर्गत रहेर देवदह ५, मितेरीगाँउमा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमबाट ९ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो ।

## खैरेनी सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

| | |
|---|---|
| शेयर सदस्य संख्या : | ४,९४८ जना |
| शेयर पूँजी : | रु.४,५३,५७,४००।- |
| बचत/निक्षेप : | रु.६०,४२,३६,९८४।०१ |
| ऋण लगानी : | रु.५७,४५,०१,०३६।८२ |

# ढेकावर सेवा केन्द्र गतिविधि

## संस्थागत जानकारी कार्यक्रम सम्पन्न



ढेकावर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा संस्थागत जानकारी कार्यक्रम सम्पन्न भएको छ । २०८० मंसीर १४ गते देवदह ३, सेमरानामा चाहना आमा समुहको सभाहलमा र मंसीर १५ गते सुनवल ७, साम्यमाई आमा समुहको सभाहलमा सम्पन्न कार्यक्रममा सस्थागत जानकारी अन्तर्गत संस्थाको परिचय, हालको वित्तीय अवस्था, बचत तथा ऋणका उत्पादनहरु, सदस्य सेवाका कार्यक्रमहरु, संस्थाद्वारा संचालीत मोबाइल बैंकीङ्ग, एटीएम तथा अन्य प्रविधि सेवाका बारेमा जानकारी गराईएको थियो । उक्त कार्यक्रममा ११४ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो ।

## आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

संस्थाको ढेकावर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा देवदह ३, सुर्यपुरा र सुनवल ७, अस्नैयामा १/१ दिने आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ । जसमा ११० जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

## प्रविधि शिक्षा तालिम सम्पन्न

संस्थाको ढेकावर सेवाकेन्द्र अर्न्तगत रहेका शेयर सदस्यहरुका बीचमा देवदह ३ मा रहेको रोटरीक्लबको सभाहलमा र सुनवल ८ मा रहेको गौरीघाट आमासमुहको सभाहलमा १/१ दिने प्रविधि शिक्षा तालिम संचालन भएको छ । जसमा ७३ जना शेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

## सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न

संस्थाको ढेकावर सेवाकेन्द्र अन्तर्गत रहेर देवदह २, ढेकावरमा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमबाट ७ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो ।

## ढेकावर सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

| | |
|---|---|
| शेयर सदस्य संख्या : | २,६७८ जना |
| शेयर पूँजी : | रु.१,५६,९७,९००।- |
| बचत/निक्षेप : | रु.१६,३१,७३,४६९।३८ |
| ऋण लगानी : | रु.२१,०१,९०,७८१।५९ |

# सहकारीमा दोस्रो तहको नियामक निकायको आवश्यकता र औचित्य

क्रमश........



डा. रमेश चौलागाई
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

### STI सम्बन्धमा विभिन्न अध्ययन समिति एवम् आयोगका नियमित प्रशंग

१) नेपाल सरकारद्वारा २०६१।४।१३ मा राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा गठित 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको लागि उपयुक्त कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय सहकारी संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने कुरा पहिलो पटक उल्लेख भएको थियो ।

२) नेपाल सरकारद्वारा २०६१ असोजमा गठित तुलसी प्रसाद उप्रेती र सूर्यरत्न शाक्य सम्मिलित 'राष्ट्रिय सहकारी बैक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यक पर्ने कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा पनि बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने उल्लेख भएको थियो ।

३) नेपाल सरकारद्वारा २०६९।१०।१२ मा तत्कालिन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा गठित 'समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको छानविन समिति' को प्रतिवेदनमा बचत तथा ऋण सहकारी संस्थाहरुलाई समेत सुपरिवेक्षण गर्ने गरी प्रस्ताव गरिएको लघुवित्त प्राधिकरण सम्बन्धी कानूनलाई छिटो अन्तिम रुप दिने र बचत तथा ऋण सहकारी संस्थाहरुलाई उक्त ऐनमा आधारित भई नियमन र सुपरिवेक्षणको व्यवस्था मिलाउने उल्लेख भएको थियो ।

४) तर, नेपाल सरकारद्वारा २०७०।७।१४ मा बिशेष अदालतका तात्कालिन न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित 'बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७०' को प्रतिवेदनमा दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गरी अनुगमन गर्ने छुट्टै संयन्त्र बनाएमा मौजुदा विभाग र सहकारी कार्यालय प्रभावकारी नहुने साथै यो व्यवस्थाले अनुगमन गर्ने तथा दर्ता गर्ने निकाय दुईधारमा विभाजित हुने सम्भावना हुने हुँदा यस्तो संस्थाको आवश्यकता नरहेको उल्लेख भएको थियो ।

५) त्यस्तै, नेपाल सरकारद्वारा २०८०।१।१६ मा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठीत 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०' को प्रतिवेदनमा बचत र ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको अनुगमन, सुपरिवेक्षण, नियमनका लागि दोश्रो तहको प्रभावकारी नियमन संयन्त्रको आवश्यकता रहेको उल्लेख गर्दै यसका लागि सहकारी सुपरिवेक्षण बोर्ड वा सहकारी प्राधिकरण गठन गर्न सकिने उल्लेख भएको थियो ।

६) राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय विकास समस्या समाधान समितिको मिति २०७९ चैत २३ मा बसेको ५०औं बैठकको निर्णय नं. १४ मा 'बचत तथा ऋण सहकारी संस्थाहरुको प्रभावकारी नियमनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग समन्वय गरी दुई महिनाभित्र दोश्रो तहको नियामक निकाय स्थापना गर्न कानूनी व्यवस्था प्रस्ताव गर्ने' उल्लेख भएको थियो । यस कार्यलाई अघि बढाउन चालु आर्थिक वर्ष २०८०/८१ मा दोस्रो तहको नियामक निकाय स्थापना गर्ने विषय सम्बन्धित मन्त्रालयको कार्ययोजनामा पनि राखिएको र सम्बन्धित मन्त्रालय तथा राष्ट्र बैंकसँगको समन्वयमा त्यस सम्बन्धी कार्यविधिको मस्यौदा तयार हुने गृहकार्य भएको जानकारी प्राप्त भएको छ ।

### सहकारी दर्ता, नियमन तथा सुपरिवेक्षणका केही अन्तर्राष्ट्रिय अभ्यास

विगतमा नेपालका सहकारी दर्ता, नियमन तथा अनुगमन सहकारी विभाग र विभाग मातहतका डिभिजन सहकारी कार्यालय र प्रशिक्षण कार्यालयहरुबाट हुने गर्दथे । नेपालको संविधान जारी भएपछि भने प्रचलित व्यवस्था अनुसार सहकारीलाई तोकिएको कार्यक्षेत्रलाई आधार मानी तीनै तहका ७६१ वटै सरकारबाट दर्ता, नियमन तथा अनुगमन हुँदै आएको छ । यद्यपी, उक्त निकायलाई कानुनले तोके बमोजिमको नियमन तथा अनुगमन फलदायी र परिणाममुखी हुन नसकेको व्यहोरा माथि उल्लिखित बजेट, मौद्रिक नीति तथा आयोग/समितिका प्रतिबेदनका साथै सहकारीहरुको हालको अवस्थाबाट प्रष्ट हुन आउँछ । अन्य देशका हकमा, ल्याटिन अमेरिकी मुलुक ब्राजिलमा National Monetary Council ले वित्तीय सहकारीलाई नियमन गर्दछ भने केन्द्रीय बैंक (Banco Central do Brasil) ले सुपरिवेक्षण गर्ने गर्दछ । अफ्रिकी मुलुक केन्यामा The SACCO Societies Regulatory Authority (SASRA) नामक सरकारी निकायले बचत तथा ऋण सहकारीहरुलाई दर्ता, नियमन तथा सुपरिवेक्षण गर्ने कार्य गर्दछ । मध्यपुर्वी मुलुक इजरायलमा सरकारी निकाय Registrar of Cooperative Societies ले सहकारीहरुको दर्ता, नियमन तथा सुपरिवेक्षण गर्ने कार्य गर्दछ । पुर्वी एसियाली मुलुक फिलिपिन्समा सरकारी निकायका रुपमा रहेको Cooperative Development Authority ले सहकारीहरुको नियमन र सुपरिवेक्षण दुबै कार्य गर्दछ । त्यस्तै, पुर्वी एसियाली मुलुक दक्षिण कोरीयामा National Credit Union Federation या South Korea (NACUFOK) ले देशभरका जम्मा ८८८ वटा Credit Union अर्थात सहकारीहरुलाई नियमन र सुपरिवेक्षण दुबै कार्य गर्दछ ।

दक्षिण एसियाली मुलुक पाकिस्तानमा सरकारी निकायका रुपमा रहेको Cooperative Societies Department ले सहकारीहरुको दर्ता, नियमन र सुपरिवेक्षण कार्य गर्दछ । अफ्रिकी मुलुक युगाण्डामा Ministry of Trade, Industry and Cooperatives ले सहकारीहरुको दर्ता, नियमन र सुपरिवेक्षण कार्य गर्दछ । युरोपेली मुलुक आयरल्याण्डमा केन्द्रीय बैंकको महाशाखा The Registry of Credit Unions (RCU) ले Credit Union को दर्ता, नियमन र सुपरिवेक्षण गर्ने गर्दछ । भारतमा Registrar या Cooperative Societies ले सहकारीको दर्ता तथा नियमन गर्ने तथा National Bank for Agricuture and Rural Development (NABARD) अन्तर्गतको Board या Supervision ले सहकारीहरुको सुपरिवेक्षण गर्ने गर्दछ । उपर्युक्त उदाहरणहरु केलाउँदा अधिकांश मुलुकका सहकारीहरुको नियमन र सुपरिवेक्षण सरकारी निकायकै अग्रतामा भएको देखिन्छ । यसका दुईवटा पक्षः यी मुलुकका सहकारीहरुको अवस्था सामान्य रहेको वा सहकारी क्षेत्रमा देखिएका विकृतीलाई समाधान गर्न यी निकाय सक्षम रहेको हुनसक्छन् ।

World Bank ले विगतदेखि नै नेपालका सहकारीहरु नियमनको दायरामा नरहँदा समस्यामूलक बन्दै गएको र यसले समग्र वित्तीय क्षेत्रमा नकारात्मक प्रभाव पार्ने गरेको उल्लेख गरेको छ । International Monitary Fund ले 2017 Article IV Consultation र 2020 Article IV Consultation मार्फत नेपालमा सहकारीको संख्या धेरै बढी भएकोले त्यसलाई एकापसमा गाभ्न प्रोत्साहित गर्ने र सबैलाई प्रभावकारी सुपरिवेक्षण गर्न आवश्यक संयन्त्रको विकास गर्न सुझाव दिएको छ । The Asia/Pacific Group on Money Laundering (APG) को Mutual Evaluation Report(२०२३ मा उल्लेख भए अनुसार नेपालको सहकारी क्षेत्र प्रभावकारी सुपरिवेक्षणको दायरामा नरहेकै कारणले सम्पत्ती शुद्धीकरणका मामिलामा पनि संवेदनशील रहेको हुँदा यो क्षेत्रमा जोखिममा आधारित सुपरिवेक्षणको आवश्यकता रहेको छ ।

### दोश्रो तहको नियामक निकायको गठन सम्बन्धी केही विकल्पहरु

नेपालको संविधानमा सहकारीलाई संघीय, प्रादेशिक र स्थानीय गरी सबै ७६१ वटा सरकारको नियामकीय र सुपरिवेक्षकीय दायरामा रहने देखिन्छ । यस व्यवस्था अनुसार हरेक सहकारी तोकिएको कार्यक्षेत्र अनुसार सम्बन्धित सरकारको मातहतमा सञ्चालित हुन आवश्यक छ । यस सन्दर्भमा, दोश्रो तहको नियामक तथा सुपरिवेक्षक निकाय स्थापना गर्न नेपालको संविधानको उक्त व्यवस्था समेत संशोधन गर्नुपर्ने देखिन्छ । विगतदेखि सहकारी क्षेत्रमा श्रृजना भएगरिएका तमाम् समस्याको हल खोज्ने सिलसिलामा यस क्षेत्रको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणलाई दीर्घकालीन समस्या समाधानको आधार बनाउने हो भने यसका अनेक विकल्पहरु निस्किन सक्छन् । यसको शुरुवात, २०६६-६९ को अनुभवका आधारमा, अल्पकालका लागि, नेपाल राष्ट्र बैंकको जनशक्ति सम्मिलित एक वा दुई समुह बनाई कम्तिमा १ अर्बभन्दा बढी कारोबार गर्ने सहकारीहरुको सघन अनुगमन तथा निरीक्षणबाट गर्न सकिन्छ । १ अर्बभन्दा कम कारोबार गर्ने सहकारीलाई आवश्यकता र गाम्भिर्यताका आधारमा सोही प्रकारको समुह बनाई सघन अनुगमन तथा निरिक्षण गर्ने गरी व्यवस्था गर्न सकिन्छ ।

दीर्घकालका लागि लामो समयदेखि चर्चा हुँदै आएको दोश्रो तहको नियामक संस्था गठन उपयुक्त बाटो हो । यसका लागि स्वायत्त अधिकार सहितको कुनै बोर्ड वा प्राधिकरण स्थापना गर्न सकिन्छ । हालको राष्ट्रिय सहकारी विकास बोर्डलाई पुनर्संरचना गरी राष्ट्रिय सहकारी नियमन वा सुपरिवेक्षण बोर्डका रुपमा विकास गर्नु पहिलो उत्तम विकल्प हो । हालको अवस्थामा, यस बोर्डको काम, कर्तव्य तथा जिम्मेवारी उल्लेख्य रुपमा जनतामाझ देखिन नसकेको साथै सहकारीका नीति निर्माण लगायतका कार्यमा सहकारी विभाग र मन्त्रालय नै कृयाशील रहेको सन्दर्भमा राष्ट्रिय सहकारी विकास बोर्डलाई पुनर्संरचना गरी राष्ट्रिय सहकारी सुपरिवेक्षण बोर्डका रुपमा विकास गर्नु तुलनात्मक रुपमा उपयुक्त कार्य हुने देखिन्छ । यसबाहेक, सहकारी प्राधिकारणका रुपमा अलग्गै दोस्रो तहको नियामक तथा सुपरिवेक्षण निकाय गठन गर्नु पनि अर्को उपयुक्त विकल्प हुनसक्छ ।

सहकारी सुपरिवेक्षण वोर्ड वा सहकारी प्राधिकरण गठन गर्दा नेपाल सरकारद्वारा नियुक्त हुने अध्यक्ष लगायत विषय विज्ञ समेत सात जनासम्मको सञ्चालक समिति रहने गरी व्यवस्था गर्न सकिन्छ । उक्त समितिका अध्यक्ष र सदस्यहरुको योग्यता एवम् विज्ञता, नियुक्ति तथा पदावधी र काम कर्तव्य एवम् जिम्मेवारी नेपाल राष्ट्र बैंकको सञ्चालक समिति सरह गर्ने गरी व्यवस्था मिलाउनु उपयुक्त हुने देखिन्छ । त्यस्तै, दुबै विकल्पका हकमा नियुक्त गरिने कार्यकारी प्रमुखको नियुक्ती लोक सेवा आयोगद्वारा खुला प्रतिस्पर्धाका आधारमा कम्तीमा ५ वर्षका लागि वा सोही निकायको सञ्चालक समितिद्वारा लोक सेवा आयोगको समेत प्रतिनिधित्व रहने समुहद्वारा खुला प्रतिस्पर्धाका आधारमा २-३ वर्षका लागि करारमा नियुक्त गर्नु वाञ्छनीय देखिन्छ । जुनसुकै माध्यमबाट कार्यकारी प्रमुख नियुक्त गरे पनि निजसँग निश्चित मापदण्डका आधारमा कार्यसम्पादन करार गर्नु उपयुक्त हुन्छ । नाम र संस्थाको प्रकृती जुनसुकै प्रकारको भएपनि त्यसको उद्देश्य, निरन्तरता र कार्यप्रकृती प्रमुख विषय हुन् ।

बाँकी अर्को अंकमा

## शीतलनगर सेवा केन्द्र गतिविधि

### ऋण शिक्षा तालिम सम्पन्न



शीतलनगर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा शीतलनगर सेवाकेन्द्रको सभाहल १ दिने ऋण शिक्षा तालिम संचालन भएको छ। जसमा ३७ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

संस्थाको शितलनगर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा शितलनगर सेवाकेन्द्रको सभाहलमा आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ। जसमा २५ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### सदस्य विस्तार तथा भेटघाट कार्यक्रम सम्पन्न

संस्थाको शीतलनगर सेवाकेन्द्र अन्तर्गत रहेर देवदह ८, बंगालीमा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमबाट ५ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो।

### प्रविधि शिक्षा तालिम सम्पन्न

संस्थाको शीतलनगर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा शीतलनगर सेवाकेन्द्रको सभाहलमा १ दिने प्रविधि शिक्षा तालिम संचालन भएको छ। जसमा २१ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### शीतलनगर सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : २,९८४ जना    शेयर पूँजी : रु.३,१५,३७,२००।-
बचत/निक्षेप : रु.३५,८३,४८,८५३।९०
ऋण लगानी : रु.२३,८५,०२,६६४।१८

## घोडाहा सेवा केन्द्र गतिविधि

### आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न



संस्थाको घोडाहा सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा देवदह ९, घोडाहामा आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ। जसमा २८ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### प्रविधि शिक्षा तालिम सम्पन्न

संस्थाको घोडाहा सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा कोलिय टोल सुधार समितिको सभाहलमा १ दिने प्रविधि शिक्षा तालिम संचालन भएको छ। जसमा २३ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न

संस्थाको घोडाहा सेवाकेन्द्र अन्तर्गत रहेर देवदह ९, स्कुलटोल र नागथान पथमा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमबाट १५ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो।

### घोडाहा सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : १,२६५ जना    शेयर पूँजी : रु.९१,८७,०००।-
बचत/निक्षेप : रु.१०,९३,८८,८६१।४६
ऋण लगानी : रु.६,३६,७१,६१३।२१

## तारापुञ्ज सेवा केन्द्र गतिविधि

### ऋण शिक्षा तालिम सम्पन्न



तारापुञ्ज सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा जनप्रिय सामुदायिक बनको सभाहलमा १ दिने ऋण शिक्षा तालिम सम्पन्न भएको छ। जसमा ६३ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### प्रविधि शिक्षा तालिम सम्पन्न

संस्थाको तारापुञ्ज सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा सरस्वती प्रा. वि.को सभाहलमा १ दिने प्रविधि शिक्षा तालिम सम्पन्न भएको छ। जसमा ३० जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### संस्थागत जानकारी कार्यक्रम सम्पन्न

तारापुञ्ज सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा संस्थागत जानकारी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा संस्थागत जानकारी अन्तर्गत संस्थाको परिचय, हालको वित्तीय अवस्था, बचत तथा ऋणका उत्पादनहरु, सदस्य सेवाका कार्यक्रमहरु, संस्थाद्वारा संचालीत मोबाइल बैंकीङ्ग, एटीएम तथा अन्य प्रविधि सेवाका बारेमा जानकारी गराईएको थियो। उक्त कार्यक्रममा ६६ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो।

### तारापुञ्ज सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : १,५५० जना
शेयर पूँजी : रु.१,६१,३२,५००।००
बचत/निक्षेप : रु.१३,०३,१५,२३३।२७
ऋण लगानी : रु.११,९०,६२,२३०।२०

## रामपुर सेवा केन्द्र गतिविधि

### संस्थागत जानकारी कार्यक्रम सम्पन्न



रामपुर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा संस्थागत जानकारी कार्यक्रम सम्पन्न भएको छ। रामग्राम १८, धरमपुरमा सम्पन्न कार्यक्रममा सस्थागत जानकारी अन्तर्गत संस्थाको परिचय, हालको वित्तीय अवस्था, बचत तथा ऋणका उत्पादनहरु, सदस्य सेवाका कार्यक्रमहरु, संस्थाद्वारा संचालीत मोबाइल बैंकीङ्ग, एटीएम तथा अन्य प्रविधि सेवाका बारेमा जानकारी गराईएको थियो। उक्त कार्यक्रममा ६६ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो।

### ऋण शिक्षा तालिम सम्पन्न

रामपुर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा सुर्य युवाक्लबको सभाहलमा १ दिने ऋण शिक्षा तालिम सम्पन्न भएको छ। जसमा २५ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

संस्थाको रामपुर सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा सुनवल ८, रामपुर मिलनटोलमा आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ। जसमा ३९ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

### रामपुर सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : १,२३८ जना    शेयर पूँजी : रु.२२,८८,८००।-
बचत/निक्षेप : रु.२,५३,०८,९३८।२१
ऋण लगानी : रु.६,७६,७४,३५७।८३

# देउराली सेवा केन्द्र गतिविधि

## ऋण शिक्षा तालिम सम्पन्न



देउराली सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा शिवालय मन्दिरको सभाहलमा १ दिने ऋण शिक्षा तालिम सम्पन्न भएको छ। जसमा ३८ जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

## आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

संस्थाको देउराली सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा शिवालय मन्दिरको सभाहलमा आधारभूत सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ। जसमा ५८ जना सदस्यहरुको उपस्थिति रहेको थियो।

## सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न

संस्थाको देउराली सेवाकेन्द्र अन्तर्गत रहेर तिलोत्तमा ८, कुमारीडाँडामा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमबाट ५ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो ।

## रामपुर सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : ७७४ जना शेयर पूँजी : रु.४३,७०,२००।-
बचत/निक्षेप : रु.२,७२,२८,०२३।२८
ऋण लगानी : रु.३,११,३०,४४५।२८

# युवा संगम सेवा केन्द्र गतिविधि

## सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न



संस्थाको युवासंगम सेवाकेन्द्र अन्तर्गत रहेर सियारी १, हाटीअमुवामा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमबाट २ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो ।

## संस्थागत जानकारी कार्यक्रम सम्पन्न

युवासंगम सेवाकेन्द्र अन्तर्गत रहेका शेयर सदस्यहरुका बीचमा संस्थागत जानकारी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा संस्थागत जानकारी अन्तर्गत संस्थाको परिचय, हालको वित्तीय अवस्था, बचत तथा ऋणका उत्पादनहरु, सदस्य सेवाका कार्यक्रमहरु, संस्थाद्वारा संचालीत मोबाइल बैंकीङ्ग, एटीएम तथा अन्य प्रविधि सेवाका बारेमा जानकारी गराईएको थियो। उक्त कार्यक्रममा ३६ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो ।

## युवा संगम सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या :३३३ जना
शेयर पूँजी : रु.२९,७४,२००।-
बचत/निक्षेप : रु.६६,३३,५०४।१५
ऋण लगानी : रु.७२,३८,०९२।४०

## पर्ल्स तालिम सम्पन्न

कोलिय कोलिय देवदह साकोसले २ दिने पर्ल्स अनुगमन तालिम सम्पन्न गरेको छ । संस्थाले संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरुको बीचमा २ दिने पर्ल्स अनुगमन तालिम सम्पन्न गरेको हो। संस्थाका प्रमुख सल्लाहकार सुवकान्त न्यौपानेले उक्त तालिमको सहजीकरण गर्नु भएको थियो। तालिममा २५ जनाको सहभागिता रहेको थियो ।

# शंकरपुर सेवा केन्द्र गतिविधि

## सदस्य भेटघाट तथा विस्तार कार्यक्रम सम्पन्न

संस्थाको शंकरपुर सेवाकेन्द्र अन्तर्गत रहेर पकडीहवा, मझौली, तर्कुला र तरईनीमा सदस्य भेटघाट तथा सदस्य विस्तार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमबाट १८ जना नयाँ शेयर सदस्यहरु संस्थामा आवद्ध हुनु भएको थियो भने सदस्यहरुका गुनासा तथा सुझावहरु संकलन गरिएको थियो ।

## शंकरपुर सेवा केन्द्रको वित्तीय अवस्था (२०८० पुस मसान्त)

शेयर सदस्य संख्या : १,१५८ जना शेयर पूँजी : रु.३४,७७,५००।-
बचत/निक्षेप : रु.२,८०,३७,९७१।०९ ऋण लगानी : रु.४,३०,०४,३२७।६७

## संचालकहरूको क्षमता विकास तालिम सम्पन्न



कोलिय देवदह साकोसले ३ दिने संचालकहरुको क्षमता विकास तालिम (The Leadership Bootcamp) सम्पन्न गरेको छ। मिति २०८० मंसीर २ देखी ४ गते सम्म संचालित तालिमको प्राविधिक सहयोग नेफस्कूलने गरेको थियो। नेफस्कूनका प्राचार्य सन्जयराज तिमील्सीना र अधिकृत उमेश कोइरालाले सहजीकरण गर्नुभएको तालिममा संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उच्च व्यवस्थापन गरि २२ जनाको सहभागिता रहेको थियो।

## दिदी बहिनी क्लब गठन/पुन:गठन सम्पन्न



संस्थाले महिला सदस्यहरुका बीचमा दिदी बहिनी क्लब बनाएर क्षमता बिकासको काम गर्दै आएको छ। संस्थाले हाल सम्म ८४ वटा दिदी बहिनी क्लब गठन गरेको छ। संस्थाले हरेक २/२ वर्षमा दिदी बहिनी क्लब पुन: गठन गर्ने व्यवस्था गरेको छ। पुन:गठीत दिदी बहिनी क्लबका अध्यक्ष र सचिवहरुको नाम यस प्रकार रहेको छ।

## पुन:गठित दिदी बहिनी क्लब

**१. मितेरी दिदी बहिनी क्लब**
**देवदह ५, मितेरीगाँउ**
अध्यक्ष : सरस्वती सुवेदी
सचिव : पेमकला भुसाल

**२. मेलमिलाप दिदी बहिनी क्लब**
**देवदह - ७, मिलनचोक**
अध्यक्ष : रोशनी राना थापा
सचिव : अनिता सापकोटा

**३. ज्यामीरे दिदी बहिनी क्लब**
**सुनवल - ७, ज्यामीरे**
अध्यक्ष : दुर्गा ढकाल
सचिव : कल्पना सापकोटा

**४. कोटियामाई दिदी बहिनी क्लब**
**देवदह - ७, गुरुङटोला**
अध्यक्ष : फुल कुमारी थारु
सचिव : जानकी खौशिया थारु

**५. उज्वल दिदी बहिनी क्लब**
**देवदह - ८, बंगाली**
अध्यक्ष : कमला भट्टराई
सचिव : विष्णुमाया खरेल

**६. नव जाग्रिती दिदी बहिनी क्लब**
**देवदह - ७, शीतलनगर**
अध्यक्ष : माया देवी जैसी
सचिव : मधु घिमीरे

**७. दुर्गाशक्ती दिदी बहिनी क्लब**
**देवदह - ७, शीतलनगर**
अध्यक्ष : रेनु रेग्मी
सचिव : सीता अर्याल

**८. लाङ्घाली दिदी बहिनी क्लब**
**देवदह - ६, सरनबारी**
अध्यक्ष : नरमाया राना
सचिव : तारादेवी राना

**९. सगरमाथा दिदी बहिनी क्लब**
**देवदह - ७, सगरमाथा टोल**
अध्यक्ष : रेनुका पाण्डेय
सचिव : धनमाया थापा

**१०. उदयशक्ति दिदी बहिनी क्लब**
**देवदह - ७, उदयनगर**
अध्यक्ष : जमुना पौडेल
सचिव : अनिता सुनार

**११. बनकित्ता दिदी बहिनी क्लब**
**देवदह - ८, बनकित्ता**
अध्यक्ष : हिमा अर्याल
सचिव : कल्पना न्यौपाने

**१२. चौतारी दिदी बहिनी क्लब**
**देवदह - ७, शीतलनगर**
अध्यक्ष : उमा भन्डारी पराजुली
सचिव : कमला ढकाल

## रक्तदान कार्यक्रम सम्पन्न



रक्तदान जीवन दान भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै संस्थाले आफ्नो १९औं स्थापना दिवसको अवसमा वृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । जसमा ७४ जना रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो । रक्तदान कार्यक्रममा रक्तसंचार केन्द्र बुटवलले प्राविधिक सहयोग गरेको थियो ।

## सामाजीक उत्तरदायित्व अन्तर्गत समाग्री हस्तान्त्रण



संस्थाले आफ्नो १९औं स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत देवदह नगरपालिका वार्ड २ मा रहेको पेटबनिया सामुदायिक आधारभूत विद्यालय, देवदह नगरपालिका वार्ड ६ मा रहेको कालिका सामुदायिक आधारभूत विद्यालय, तिलोत्तमा नगरपालिका वार्ड ८ मा रहेको शिवपुर माध्यामिक विद्यालय र देवदह नगरपालिका वार्ड ७ मा रहेको देवदह माध्यामिक विद्यालयलाई १०/१० थान प्लास्टीकका कुर्चीं वितरण गरेको थियो ।

## २०८० कार्तिक १५ गते संचालक समितिद्वारा गठित उप-समितिहरूको नामावली

**१. सामाजीक तथा बातावरण उपसमिति**
संयोजक श्री रमादेवी न्यौपाने
सदस्य श्री ध्रुबराज न्यौपाने
सदस्य श्री गिता सापकोटा
सदस्य श्री गिता नेपाल
सदस्य श्री रोशनदेवी शेरचन

**२. एक्सेस कार्यदल**
संयोजक श्री हरि भण्डारी
सदस्य श्री दुर्गादत्त कडेल
सदस्य श्री पिताम्बर खराल
सदस्य श्री विनोद पराजुली
सदस्य श्री बुद्धि सागर अर्याल

**३. धितो मूल्याङ्कन उपसमिति**
संयोजक श्री कृष्णराज पौडेल
सदस्य श्री प्रेम प्रसाद भण्डारी
सदस्य श्री केशब भट्टराई

**४. सूचना सञ्चार तथा प्रकाशन उपसमिति**
संयोजक श्री कृष्णराज पौडेल
सदस्य श्री लक्ष्मण न्यौपाने
सदस्य श्री राम बहादुर गुरुङ्ग
सदस्य श्री बुद्धि सागर अर्याल

**५. ऋण लगानी उपसमिति**
संयोजक श्री हरि भण्डारी
सदस्य श्री रमेशचन्द्र रेग्मी
सदस्य श्री राज कुमार श्रेष्ठ

**६. शिक्षा तथा तालिम व्यवस्थापन उपसमिति**
संयोजक श्री खेराज शर्मा
सदस्य श्री दिनानाथ अर्याल
सदस्य श्री कृष्ण प्रसाद न्यौपाने
सदस्य श्री राजुमान गुरुङ्ग
सदस्य श्री शिब प्रसाद ढकाल

**७. महिला तथा बाल व्यवस्थापन उपसमिति**
संयोजक श्री सम्झना दुबे
सदस्य श्री अनिशा पौडेल
सदस्य श्री मिरा त्रिपाठी
सदस्य श्री ज्ञानुमाया कवर
सदस्य श्री बिष्णु पाण्डे

**८. युवा विकास व्यवस्थापन उपसमिति**
संयोजक श्री बिन्दु शर्मा
सदस्य श्री प्रेम न्यौपाने
सदस्य श्री रीता के.सी. पछाई
सदस्य श्री कमल पौडेल
सदस्य श्री बिष्णु बराल

**९. उद्यमशिल विकास व्यवस्थापन उपसमिति**
संयोजक श्री दुर्गादत्त कडेल
सदस्य श्री प्रेम बहादुर खड्का क्षेत्री
सदस्य श्री चक्रपाणी न्यौपाने
सदस्य श्री दिपक काफ्ले
सदस्य श्री केशब प्रसाद घिमिरे

**१०. सेवा केन्द्र व्यवस्थापन उपसमिति खैरेनी**
संयोजक श्री पार्वती न्यौपाने
सदस्य श्री दुर्गा पाण्डे
सदस्य श्री गिता पौडेल आचार्य
सदस्य श्री राजन अधिकारी
सदस्य श्री हिरादेवी चापागाई

**११. सेवा केन्द्र व्यवस्थापन उपसमिति छ नं.**
संयोजक श्री लक्ष्मी सिग्देल रेग्मी
सदस्य श्री कालुराम थापा
सदस्य श्री सोनी राना
सदस्य श्री मिना बस्नेत
सदस्य श्री डिल्लीराज कोईराला

**१२. सेवा केन्द्र व्यवस्थापन उपसमिति सितलनगर**
संयोजक श्री तारा प्रसाद खरेल
सदस्य श्री देवकी पराजुली
सदस्य श्री रीता थापा
सदस्य श्री यम बहादुर काउचा
सदस्य श्री कल्पलता सापकोटा
सदस्य श्री गौमती बुढाथोकी
सदस्य श्री शुकदेव पौडेल

**१३. सेवा केन्द्र व्यवस्थापन उपसमिति घोडाहा**
संयोजक श्री खैराज शर्मा
सदस्य श्री बिष्णु प्रसाद भट्राई
सदस्य श्री लक्ष्मी कडेल
सदस्य श्री तुलसा पाण्डे
सदस्य श्री जीवलाल रेग्मी

**१४. सेवा केन्द्र व्यवस्थापन उपसमिति शंकरपुर**
संयोजक श्री परशुराम उपाध्याय न्यौपाने
सदस्य श्री दुर्गा प्रसाद पाण्डे
सदस्य श्री जमुना प्रसाद कवंर
सदस्य श्री दुरमान गुरुङ्ग
सदस्य श्री तारा भुषाल

**१५. सेवा केन्द्र व्यवस्थापन उपसमिति भलुही**
संयोजक श्री पिताम्बर खराल
सदस्य श्री बाबुराम पोखरेल
सदस्य श्री कल्पना न्यौपाने
सदस्य श्री लक्ष्मण खत्रि
सदस्य श्री धन बहादुर पुवर

**१६. सेवा केन्द्र व्यवस्थापन उपसमिति रामपुर**
संयोजक श्री धन प्रसाद भुषाल
सदस्य श्री लोक बहादुर खत्री
सदस्य श्री कुमार आले
सदस्य श्री पार्वति श्रेष्ठ
सदस्य श्री हरि नारायण थनेत

**१७. सेवा केन्द्र व्यवस्थापन उपसमिति शिवपुर**
संयोजक श्री बाबुराम अर्याल
सदस्य श्री बाबुराम घिमिरे
सदस्य श्री शान्ता ज्ञवाली
सदस्य श्री केशबराज अर्याल
सदस्य श्री गिता शर्मा

**१८. सेवा केन्द्र व्यवस्थापन उपसमिति सियारी**
संयोजक श्री पिताम्बर खराल
सदस्य श्री बिष्णु प्रसाद श्रेष्ठ
सदस्य श्री हिमलाल भुषाल
सदस्य श्री सचिन कुमार शर्मा
सदस्य श्री हरिदेवी न्यौपाने ज्ञवाली

## त्रैमासिक प्रगति समिक्षा सम्पन्न

कोलिय कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि.ले प्रथम त्रैमासिक प्रगति समिक्षा तथा दोस्रो त्रैमासिकको लक्ष्य निर्धारण कार्यक्रम सम्पन्न गरेको छ । २०८० कार्तिक २० र २१ गते सेवाकेन्द्र स्तरमा सम्पन्न कार्यक्रममा संस्थाले २०८० साउन देखी २०८० असोज मसान्त सम्म गरेका वित्तीय तथा गैर वित्तीय कार्यक्रमहरुको प्रगति विवरण तथा २०८० कार्तिक देखी पुस मसान्त सम्म सम्पन्न गर्ने संस्थाका समग्र कार्यक्रमहरु तथा सेवाकेन्द्र स्तरमा सम्पन्न गरीने कार्यक्रमहरुको बारेमा छलफल गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका संचालक, सल्लाहकार, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिका सदस्यहरु, दिदी बहिनी क्लबका अध्यक्ष र सचिवहरु, शेयर सदस्यहरु तथा कर्मचारीहरु सहित ९ वटा सेवाकेन्द्रमा जम्मा ३६४ जनाको उपस्थिति रहेको थियो ।

## व्यवसायिक तालिम प्राप्त शेयर सदस्यहरूको बीचमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कोलिय देवदह साकोसले व्यवसायिक तालिम प्राप्त शेयर सदस्यहरुको बीचमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । संस्थाले शेयर सदस्यहरुलाई प्रदान गरेको पलम्बीङ्ग तालिम, बुटीक तालिम, बेमौसमी तरकारी खेती तालिम, सरसफाई समाग्री कुलीन, हरपीक, फिनेल निमार्ण तालिम, चुरापोते निमार्ण तालिम, पुष्प खेती तालिममा सहभागी शेयर सदस्यहरुको बीचमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा तालिम लिई व्यवसाय संचालन गरेका सदस्यहरुले आफ्नो अनुभव सुनाउनु भएको थियो । संस्थाबाट संचालन हुने अन्य व्यवसायिक तालिमहरु तथा सदस्यले उठाएका जिज्ञासाहरुको सम्बोधन संस्थाका अध्यक्ष ऋषिराम सापकोटाले गर्नु भएको थियो । उक्त कार्यक्रममा ४४ जना शेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

## जन्म दिनको शुभकामनामा सहभागिता



२०८० कार्तिक १ गते देखि पुस मसान्त सम्म जन्मदिन पर्ने शीतलनगर सेवाकेन्द्र अन्तर्गतका जेष्ठ सदस्य एकनारायण उपाध्याय र खैरेनी सेवाकेन्द्र अर्न्तगतका जेष्ठ सदस्य हिमलाल ढकालको जन्मदिनको अवसरमा संस्थाका कर्मचारीहरु जेष्ठ सदस्यको घरमै गई जन्मोत्सव मनाउन सहभागी हुनु भएको थियो । संस्थाले ८० बर्ष उमेर पुगेका जेष्ठ सदस्यको घरमानै गएर जन्मोत्सव मनाउन सहभागि हुने गर्दछ ।